# सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग, २०८०

सिंहदरबार, काठमाडौं, नेपाल।

पत्र संख्या:- ०८०/८१
चलानी नं:-

फोन नं. ०१-४२००६६६
इमेल: commissiongsc@gmail.com


## प्रेस विज्ञप्ति

नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०८०।०६।१५ को निर्णयानुसार गठित यस आयोगले २०८०।६।१६ देखि कार्यालय स्थापना गरी कार्यप्रारम्भ गरेको र २०८०।६।१८ गते आयोगको कार्ययोजना र कार्यपद्धतिका बारेमा पत्रकार सम्मेलन मार्फत सार्वजनिक गरेको व्यहोरा स्मरणार्थ अनुरोध छ ।

विद्युतीय चुरोट (Vapes) र ब्रेक प्याड (Break pad) संग सम्बन्धित सुन तस्करी सहितका पटक पटक भएका सुनको तस्करीजन्य कसूरको प्रकृति तथा यसबाट पर्ने बहुपक्षीय असर, ततसम्बन्धी अपराध नियन्त्रणमा मौजुदा कानून र संरचनामा सुधार, यस अघि पटक पटक भएका छानबिन र अध्ययन प्रतिवेदनको अन्तरवस्तु निष्कर्ष र त्यसको प्रभाव, सुन तस्करीको प्रकृति सुनको परिमाण र सुन तस्करी अपराधको दायरा, सुनको तस्करी कार्यमा संलग्न व्यक्तिहरुको संलग्नता र थप अनुसन्धान, सुनको अवैध पैठारी सम्वन्धी मुद्दाहरुमा अर्धन्यायिक एवं न्यायिक निकायहरुबाट भएका अन्तिम आदेश वा फैसलाहरु समेतको अध्ययन अनुसन्धान र विश्लेषण गरी सुनको तस्करीजन्य कसूरलाई पूर्ण नियन्त्रण गर्ने सम्वन्धमा सुझावहरु दिने कार्यादेश आयोगलाई प्राप्त भएको हो ।

आयोगको कार्यसम्पादनको सिलसिलामा आयोगबाट विभिन्न ८ वटा निर्णयहरु भएका छन्। यसैगरी कार्यसंग सम्वन्धित विभिन्न विषयका २२ जना विज्ञहरु र ४ वटा संघ/संस्थाका प्रतिनिधिहरुसंग छलफल तथा परामर्शको कार्य सम्पन्न भएको छ । यसका अतिरिक्त स्थलगत अध्ययन, अवलोकन तथा सुझाव लिने क्रममा केही भन्सार नाकाहरु र ती नाकासंग सम्बन्धित भन्सार कार्यालय, अध्यागमन कार्यालय, सुरक्षा निकाय, त्रिभुवन बिमानस्थल स्थित अध्यागमन कार्यालय, नेपाल नागरिक उड्डयन प्राधिकरण, भन्सार कार्यालय, नेपाल एयरलाइन्स, नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, सुरक्षा निकायहरुको स्थलगत अध्ययन एवं अवलोकन गर्ने कार्य सम्पन्न भएको छ ।

कार्यादेशमा रहेका माथि उल्लिखित विषयहरु आफैमा विस्तृत, गम्भीर र सार्वजनिक महत्व एवं चासोका विषय हुन भन्नेमा दुईमत छैन । आयोगले पत्रकार सम्मेलन, प्रेस विज्ञप्ति, पत्रिकामा सूचना

# सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग, २०८०

सिंहदरबार, काठमाडौं, नेपाल।

पत्र संख्याः- ०८०/८१
चलानी नंः-

फोन नं. ०१-४२००६६६
इमेल: commissiongsc@gmail.com


प्रकाशन र वेवसाइट मार्फत समेत प्राप्त कार्यदिशका सम्वन्धमा सुझाव वा प्रतिकृया आव्हान गरेकोमा प्राप्त हुने क्रम जारी नै रहेको छ ।

स्रोत एवं सूचना प्रदायकहरु नै आयोगका शक्ति हुन र सूचना नै आयोगको आधार तथा पूँजी हो। यसर्थ सुन तस्करी नियन्त्रणका सम्वन्धमा आ-आफ्नो जानकारीमा रहेको सूचना वा स्रोत सामग्री यही मंसिर मसान्तभित्र आयोगको सिंहदरवार स्थित कार्यालयमा आफैं आई, पत्रचार, आयोगको वेवसाइट- www.ciciig.gov.np वा मोवाइल- ९८५१३५४०८१ वा ईमेल- commissiongsc@gmail.com का माध्यमबाट उपलब्ध गराउनु हुन सबैमा आयोग पुनः अनुरोध गर्दछ । आयोगले कार्यदिश अनुसारको कार्यहरु आयोगको आन्तरिक कार्ययोजना अनुसार निरन्तर लागि रहने छ ।

हालसम्मको सूचना र सहयोगका लागि सम्बन्धित सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै थप सूचना र सहयोगको लागि आयोग सम्बन्धित सबैमा पुनःअपिल गर्दछ ।

मिति : २०८०।०८।७

डिल्लीराज आचार्य
अध्यक्ष